*Ref. No.:079/80-138*

मिति: २०८०/०१/१४

विषय: बढ्दो वायु प्रदुषण सम्बंधी सवालमा नागरिक समाजको तर्फबाट पेश गरिएको **ध्यानाकर्षण।**

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ । यस तर्फ राज्यका निकायहरु गम्भीर भएर लाग्नु जुरुरी देखिन्छ । वायु प्रदुषणले काठमाडौँ सहर लगायत देशका विभिन्न प्रमुख सहरहरुमा वायुको गुणस्तरमा निकै ह्रास आएको देखाउँछ जहाँ वायु गुणस्तर सूचकांक हेर्दा ती सहरहरु औसतमा २०० अङ्क भन्दा माथि रेकर्ड भएको थियो । जसलाई अत्यन्त घातक मानिन्छ । सामान्यतया वायु गुणस्तर सूचांक मापन गर्दा पिएम २.५, पिएम १०, सतही ओजनको अवस्था, कार्बन मोनोअक्साइड, सल्फर डाइअक्साइड र नाइट्रोजन डाइअक्साइड जस्ता प्रदुषणका कारक तत्वहरुलाई आधार मानिन्छ ।स्टेट अफ ग्लोबल एयर अन एयर क्वालिटी एन्ड द हेल्थ अफ सिटीज २०२२ का अनुसार सन् २०१९ मा नेपालमा ४२,१०० को मृत्यु वायु प्रदूषणका कारण भएको थियो जसमा ५,००० भन्दा बढीको संख्या काठमाडौंमा मात्रै रहेको कुरा उल्लेख गरिएको छ। वायु प्रदुषणले स्वास्थ्यमा असर पार्नुका साथै देशको अर्थतन्त्रमा पनि भार थपेको छ । प्रत्येक नेपाली एक वर्षमा ८३$\mu g/m^3$ उत्सर्जनको जोखिममा छ जबकि विश्वव्यापी औसत उत्सर्जन ४२.६ $\mu g/m^3$, २०१९ छ । नेपाल वायु गुणस्तरको आधारमा १८० देशहरू मध्ये १७८ औँ स्थानमा छ भने काठमाडौँ ७,३२३ सहरहरु मध्ये २३२ औँ स्थानमा रहेको छ (वातावरण कार्यसम्पादन सूचकांक-EPI, 2022 अनुसार)।

Clean Air Network Nepal (CANN) स्वच्छ वायु क्षेत्रमा काम गर्दै आएका व्यक्ति, विज्ञ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संजाल हो । नेपालमा वायु प्रदूषणको समस्या समाधान गर्ने उदेश्यले यस सञ्जालको स्थापना सन् २००४ मा गरिएको हो । हाल यस संजालमा नागरिक समाज संगठन, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरू, संचारकर्मी, शिक्षाविद्, युवा र विज्ञहरूको प्रतिनिधित्व गर्ने ७५ भन्दा बढी सदस्यहरू छन्। यस संजालले आफ्नो स्थापना कालदेखि नै निरन्तर रुपमा सफा हावाको लागि नेपाल सरकार लगायत भिभिन्न संघ संस्थाहरुको सहकार्यमा कियाकलाप गर्दै आएको छ ।

विश्वको प्रदुषित सहरको सूचीमा काठमाडौँ सहर पनि एक हो । यहि बैशाख ५ गते काठमाडौँ विश्वकै प्रदूषित शहरहरु मध्ये एक नम्बरमा परेको छ । प्रदुषित सहरको सूचीमा पहिलो नम्बर हुनुमा बिशेषत लामो समय देखिको खडेरी र वनजंगलमा लागेको डडेलोलाई प्रमुख कारण लिन सकिन्छ जसलाई मानव गतिविधिको परिणाम स्वरूप भैरहेको र जलवायु परिवर्तनलाई पनि बढावा दिइरहेको छ । वायु प्रदुषण जस्तो वातावरणीय संकटले आम नागरिकको स्वास्थ्यमा पारेको गम्भीर असर प्रति राज्यले परिणाम देखिनेगरी आवश्यक प्रभाव न्यूनीकरणका साथै कुनै ठोस कदम अगाडि नबढाउनाले हामीलाई दुखी बनाएको छ। साथै २०७८ मा प्रदूषणले खतराको तह नाख्दा विद्यालयहरु चार दिन सम्म बन्द गरिएको थियो । यस्तो अवस्था नदोहोर्याउन आम मानिसहरुमा यसको असर वाट वच्ने

तथा प्रदूषणलाई घटाउन गरिनुपर्ने निम्न क्रियाकलापहरु गर्न हार्दिक अपिल गर्दछौ ।

१. जथाभावी फोहोर र अन्य धुवा निस्किने वस्तु नजलाउने र जलाउन नदिन जन चेतना फैलाउने सचेतनात्मक सुचनाहरु पुर्याउन पहल गर्दै वायु प्रदूषणको अवस्था, कारण र असर एवं न्युनिकरण र रोकथामका उपायका सम्बन्धमा जनचेतना जगाउनु र यसको नियन्त्रणमा जोड दिइयोस।

२. बन डढेलो रोक्न आवश्यक जनशक्तिको प्रयोग गर्ने र यसको नियन्त्रणको पुर्व तयारी गर्दै बन डढेलो भएको खण्डमा टोल फ्री नम्बर उपलब्ध गराई आवश्यक जानकारी दिने प्रबन्ध गरियोस।

३. सवारी साधनको चेक जाचलाई थप प्रभावकारी बनाउने, हरियो स्टिकर लिने प्रक्रिया सुचारु र सुलभ गराउने, विद्युतिय सवारी साधन तथा स्वच्छ सवारी साधनको प्रवद्र्धन गर्न आवश्यक बजेट बिनियोजन गरियोस।

४. हाल सञ्चालनमा रहेका इट्टा भट्टा, तथा अन्य उद्योगहरुमा स्वच्छ प्रविधिको प्रवद्र्धन गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्न प्रभावकारी अनुगमन प्रणाली विकास र लागु गरियोस।

५. सडकमा जम्मा भएको धुलो नियन्त्रणका लागी ब्रुमर भ्याकुम र पानी छर्कने लगायतका आधुनिक प्रविधिहरुको प्रयोगलाई विस्तार गरियोस।

६. काठमाडौँको वायु प्रदुषण कम गर्न बनेको काठमाडौँ उपत्यका वायु प्रदुषण व्यवस्थापन एक्शन प्लानमा उल्लेखित योजनाहरुको उचित कार्यन्वयन ग र अनुगमन गर्न अन्तर मन्त्रालय समन्वय र स्थानीय सरकारसंगको सहकार्य लाई बढावा दिइयोस।

७. कार्ययोजनामा व्यवस्था भएका समितिहरुको गठन र परिचालन गर्ने काममा तत्काल पहल गरियोस।

८. नगरपालिका स्तरीय वायु गुणस्तर सुधार कार्ययोजना निर्माण का लागि आवश्यक सहजीकरण गरियोस।

९. नगरपालिका भित्रका वायु प्रदुषणका श्रोतहरूको पहिचान गरी गुणस्तर सुधारका लागि स्थानीय सरकार र निजी क्षेत्रको जवाफदेहिता खोज्ने कामको लागि बहुसरोकारवाला मंचको निर्माण गरि परिचालन गरियोस।

१०. स्थानीय पाठ्यक्रम निर्माणमा वायु गुणस्तर सम्बन्धि विषय समावेश गराउन सम्बन्धित मन्त्रालय, विभाग र निकायसंग छलफल गरियोस।

११. विद्यालय सुधार कार्ययोजना पुनरावलोकन गरी वायू गुणस्तरको व्यवस्थाको लागी आवश्यक पहल गरियोस।

१२. स्वास्थ्य संस्था एवं शैक्षिक क्षेत्र बीचको संवाद अभिवृद्धि गराउँदै वायु गुणस्तरको विषयमा व्यापक जनचेतना अभिवृद्धि गर्ने कामको लागि बहुसरोकारवाला बैठक बसी जिम्मेवारी दिइयोस।

१३. उद्योग, व्यवसाय, कलकारखानालाई हरित व्यवसाय को अवधारणा अनुसार संचालन गर्न निजी क्षेत्रलाई उत्त्प्रेरीत गर्ने, गुणस्तर सुधारको लागि नियमित निगरानी गर्ने कामको लागि नागरिक समाजलाई सशक्त गरियोस।

१४. प्रत्येक नगरपालिकामा वायु गुणस्तर मापन सेन्सर वा अन्य उपयोगी प्रविधि राखी गुणस्तर मापन, अनुगमन, प्रतिवेन तयार गरी सार्वजनिक गर्न दवाव दिने तथा सो कार्यको लागि आवश्यक सहजीकरण गरियोस।

१५. नगरपालिका स्तरीय वायु गुणस्तर व्यवस्थापन र सुशासनको लागि मापदण्ड,कार्यवीधि ,ऐन तथा नियमावली बनाई कार्यान्वियन गर्न स्थानीय सरकारलाई सहयोग गरियोस।

१६. घरभित्रको प्रदुषण, खुल्ला जलाउने, वन डढेलो जस्ता गतिविधिलाई निरुत्साहित गर्न आवश्यक पुर्बाधार तयार गर्ने तथा परिचालन गर्ने काम गरियोस।

१७. प्रत्येक नगरपालिकामा जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, मिडिया, व्यवसायी लगायतको सहभागितामा वायु गुणस्तरका लागि बहु सरोकारवाला मंञ्च निर्माण गर्ने र माषिक वा त्रैमशिक रुपमा छलफल गर्ने वातावरण तयार गरियोस।

१८. वातावरण संरक्षण ऐन (२०७९) को दफा ३१ अनुसार वातावरण संरक्षण कोषको गठन र प्रभावकारीताको लागि पहल गरियोस।

१९. वातावरण संरक्षणको लागि नेपाल सरकारले संकलन गरेको राजस्वको यथोचित उपयोगको लागि सहजीकरण गरियोस।

२०. वातावरण प्रदुषण नियन्त्रणमा सहयोग पुर्याउने प्रबिधिहरुलाई सरकारी कार्यक्रमहरूमा पनि समावेश गरियोस ।

**समर्थन गर्ने निकायहरु**

१. स्वच्छ उर्जा नेपाल (CEN)
२. वातावरण र जनस्वास्थ्य संस्था (ENPHO)
३. राष्ट्रिय जनवकालत मंच नेपाल
४. युवा वकालत मंच नेपाल (YAN)
५. जलवायुका लागि नेपाली युवा(NYCA)
६. चाँगुनारायण नगरस्तरीय स्वच्छ हावा संजाल
७. नगरस्तरीय स्वच्छ वातावरण नागरिक समाज ललितपुर
८. चन्द्रागिरी नगरस्तरीय स्वच्छ वातावरण प्रर्वधन नागरिक संजाल
९. काठमाडौँ वायु गुणस्तर व्यवस्थापन नागरिक समाज संजाल